कञ्चनपुर जिल्लाको महेन्द्रनगरमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा

# ग्राहक सदस्यहरुको लागि व्यवसायिक भैंसिपालन तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफ्ना २६ जना ग्राहक सदस्यहरुको सहभागितामा२०७५ साल फाल्गुन २१ गते देखि कंचनपूर जिल्लाको महेन्द्रनगरमा **"ग्राहक सदस्यहरुको लागि व्यवसायिक भैसिपालन तालिम"**सुरु गरेको संस्थाका महेन्द्रनगर शाखा कार्यालयका निमित्त शाखा प्रमुख श्री सिंह बहादुर चौधरीले जानकारी गराउनुभएको छ। यस तालिममा प्रशिक्षकहरु श्री राम प्रसाद भट्ट , महेन्द्र पाण्डेय र क्षेत्रीय कार्यालय अत्तरियाका कार्यक्रम अधिकृत श्री मिन बहादुर हमाल रहनु भएको थियो ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिई रहेको यस संस्थाबाट कर्जा लिई व्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नततिर अगाडि बढ्नुको साथै यस संस्थाको भावी कार्यक्रम, योजना, सेवा सुविधाको विस्तार तथा पहुँचमा बृद्धि गर्दै लैजाने समेत कार्यक्रम अधिकृत मिन बहादुर हमालले बताउनु भएको थियो । तालिममा सहभागीहरुलाई तालिमको उद्देश्य तथा महत्वको बारेमा संस्थाको क्षेत्रीय कार्यालय अत्तरियाका कार्यक्रम अधिकृत मिन बहादुर हमालले प्रकाश पार्नु भएको थियो भने तालिमको सञ्चालन तथा स्वागत शाखाका सहायक कर्मचारी श्री लाल बहादुर महराले गर्नुभएको थियो ।




यो निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुऱ्याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विना धितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, वौद्धिक विकास गर्दै आई रहेको छ । यस संस्थाले देशको कुना कुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आई रहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेको छ ।

तालिम ३० जनाको सहभागितामा सञ्चालन गर्ने लक्ष्य राखिएको भएता पनि २६ जनाको मात्र उपस्थिति रहेको र उक्त तालिम २१ देखि २३ गतेसम्म जम्मा ३ दिन सञ्चालन हुने शाखाका निमित्त शाखा प्रमुख श्री सिंह बहादुर चौधरीले जानकारी गराउनु भएको छ ।